# एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड

रजिष्टर्ड कार्यालय, ईटहरी-०९, सुनसरी
कर्पोरेट कार्यालय, बनेपा-०८, काभ्रेपलान्चोक

## पाचौं वार्षिक साधारण सभाको सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७९/१२/१६ मा सम्पन्न यस संस्थाको सञ्चालक समितिको १७०औं बैठकको निर्णयानुसार संस्थाको पाँचौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८०/०१/१० गते, आइतबार (तद्नुसार २३ अप्रिल, २०२३)
स्थान : होटल गजुर, गंगालाल मार्ग, भोटेपुल, धरान उप-महानगरपालिका वडा नं. ८, सुनसरी
समय : बिहान ९:०० बजे ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री **K.J. Associates** ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।)
४. सञ्चालक समितिले पारित गरे बमोजिम संस्थाको शेयरधनी महानुभावहरुलाई गत आ.व. २०७८/७९ को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.१,७३,९४,४०,०००/- (अक्षेरुपी एक अरब त्रीहत्तर करोड चौरानब्बे लाख चालिस हजार मात्र) को १४.७५% अर्थात रु. २५,६५,६७,४००/- (अक्षेरुपी पच्चीस करोड पैंसट्ठी लाख सतसट्ठी हजार चार सय मात्र) बराबरको नगद लाभांश (कर प्रयोजन सहित) वितरण गर्न स्वीकृत गर्ने ।
५. संस्थापक एन आई सी एशिया बैंक लिमिटेडको सञ्चालक समितिको ५९०औं बैठकको निर्णय अनुसार मनोनित प्रतिनिधि सञ्चालकहरु फेरबदल भएकोमा यस संस्थाको १६६औं सञ्चालक समितिबाट निज मनोनित प्रतिनिधि सञ्चालकहरु सिए सन्तोष कुमार राठी ज्यू र दिनेश भारी ज्यूलाई बाँकी कार्यकालको लागि सञ्चालक नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. संस्थाको प्रबन्धपत्र र नियमावलीमा समसामयिक थप/संशोधन गर्ने ।
२. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट तथा संशोधन गर्न निर्देशन वा सुझव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd. Corporate Office Banepa

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारी**

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र संस्थाको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पुरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस संस्थाको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै, उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरु यस संस्थाको वेवसाइट www.nicasialaghubitta.com मा समेत upload गरिएको छ ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन । हाजिरी पुस्तिका बिहान ८ बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै अर्थात मिति २०८०/०१/०७ गते विहान ९:०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, ईटहरीमा दर्ता गराईसक्नुपर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनुपर्नेछ ।

४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ ।

५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सोको सूचना संस्थाको रजिष्टर्ड कार्यालय, ईटहरी उपमहानगरपालिका वडा नं. ९ दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वत: बदर हुनेछ ।

७. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ । यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ ।

८. छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।

९. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८०/०१/०१ गते देखि २०८०/०१/१० गतेसम्म संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०१/०१ गते भन्दा अगाडि कारोबार भई ७ कार्य दिनभित्र यस संस्थाको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा नगद लाभांश वितरणका लागि योग्य हुनेछ ।

१०. अन्य जानकारीको लागि संस्थाको कर्पोरेट कार्यालय, बनेपा काभ्रेपलान्चोक (टेलिफोन नं. ०११६६००३४), संस्थाको वेभसाईट https://www.nicasialaghubitta.com/ मा वा कम्पनी सचिवलाई सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

NIC ASIA
Laghubitta Bittiya Sanstha Ltd.
Corporate Office
Banepa